मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## भन्सारको छापा दुईसय बोरा सामान बरामद



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको क्षीरेश्वरनाथ नगरपालिका–महेन्द्रनगरमा जनकपुर भन्सार कार्यालय धनुषाले संयुक्त रूपमा एक गोदाममा छापा

बाँकी पृष्ठ ३ मा

वर्ष ४ • अंक २८५ • २०८३ साल असोज ०५ गते सोमबार • Monday 21, September 2026 • सूर्योदय: बिहान ०५:५१ बजे • सूर्यास्त: साँझ ०६:०१ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

# मधेश सरकारको एकवर्षमै १ अर्ब ८७ करोड बेरुजु




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको बेरुजु एकै वर्षमा १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ थपिएको छ । महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन, २०८३ अनुसार प्रदेश सरकारको अद्यावधिक बेरुजु १० अर्ब ९८ करोड ७ लाख ६९ हजार रुपैयाँ पुगेको छ।

महालेखापरीक्षकको प्रतिवेदनअनुसार प्रदेश सरकारका मन्त्रालय, कार्यालय, समिति तथा अन्य संस्थाको ४९ अर्ब ६९ करोड ३९ लाख ४३ हजार रुपैयाँको कारोबार लेखापरीक्षण गर्दा १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ बेरुजु देखिएको हो। यो कुल लेखापरीक्षण अङ्कको ३.७७ प्रतिशत हो।

बेरुजु वर्षैपिच्छे बढ्दै गएपछि यसको फछ्र्योट तथा नियन्त्रणका लागि प्रदेश सरकारले विशेष योजना बनाएको छ । आर्थिक मामिला मन्त्रालयले केही दिनभित्रै सबै कार्यालयमा टोली पठाएर अनुगमन तथा छानबिन गर्ने तयारी गरेको मन्त्रालय स्रोतले जनाएको छ।

अर्थमन्त्री युवराज भट्टराईले बेरुजु फछ्र्योट हुनुको सट्टा बढ्दै गएको स्वीकार गर्दै यसलाई घटाउन मन्त्रालयले काम गरिरहेको बताए।

कुल बेरुजुमध्ये १ अर्ब ३६ करोड ७३ लाख ४९ हजार रुपैयाँ नियमित गर्नुपर्ने प्रकृतिको छ । यो कुल बेरुजुको ७२.९९ प्रतिशत हो। नियमित गर्नुपर्ने बेरुजुमध्ये ५९ करोड २४ लाख ८७ हजार रुपैयाँ अनियमितता, ७५ करोड ३५ लाख ५८ हजार रुपैयाँ प्रमाण तथा कागजात पेस नभएको र २ करोड १३ लाख ४ हजार रुपैयाँ सोधभर्ना नलिएको रकम रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, ४४ करोड ९९ लाख ८५ हजार रुपैयाँ पेस्की र ५ करोड ६० लाख २७ हजार रुपैयाँ असुल गर्नुपर्ने बेरुजु रहेको छ।

**भौतिक पूर्वाधार मन्त्रालयको बेरुजु सबैभन्दा बढी**

मन्त्रालयगत लेखापरीक्षणमा भौतिक पूर्वाधार विकास मन्त्रालयको बेरुजु सबैभन्दा बढी देखिएको छ । मन्त्रालयको १४ अर्ब २१ करोड ५९ लाख ३४ हजार रुपैयाँको लेखापरीक्षण गर्दा १ अर्ब ५ करोड ४७ लाख ९३ हजार रुपैयाँ बेरुजु देखिएको हो। यो प्रदेश सरकारको कुल बेरुजुको ५९.३१ प्रतिशत हो।

त्यस्तै, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको २२ करोड ९ लाख रुपैयाँ, गृह, सञ्चार तथा कानुन मन्त्रालयको १७ करोड ७४ लाख २२ हजार रुपैयाँ, ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालयको १३ करोड ६३ लाख ४३ हजार रुपैयाँ र उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको ७ करोड ३४ लाख ४८ हजार रुपैयाँ बेरुजु देखिएको छ।

अर्थ मन्त्रालय, मुख्य न्यायाधिवक्ताको कार्यालय र प्रदेश नीति आयोगको भने लगती बेरुजु नरहेको प्रतिवेदनमा उल्लेख छ।

**३ अर्ब ४८ करोडभन्दा बढी पेस्की बाँकी**

प्रदेश सरकारका सरकारी कार्यालयतर्फ गत वर्षसम्म २ अर्ब ७८ करोड २९ लाख ८० हजार रुपैयाँ पेस्की रहेकोमा आर्थिक वर्ष २०८२/८३ मा थप ८९ करोड ७७ लाख ६४ हजार रुपैयाँ पेस्की थपिएको छ। यससँगै कुल पेस्की ३ अर्ब ६८ करोड ७ लाख ४४ हजार रुपैयाँ पुगेको छ।

प्रतिवेदनअनुसार यस वर्ष १९ करोड ६० लाख १४ हजार रुपैयाँ पेस्की फछ्र्योट भए पनि ३ अर्ब ४८ करोड ४७ लाख ३० हजार रुपैयाँ पेस्की अझै बाँकी छ। समिति तथा अन्य संस्थातर्फ पनि ३ करोड ८८ लाख ८० हजार रुपैयाँ पेस्की बाँकी रहेको छ।

प्रदेश मातहतका १३४ सरकारी कार्यालयको लेखापरीक्षण गर्दा १३० कार्यालयमा बेरुजु देखिएको छ । सरकारी कार्यालयतर्फ मात्रै १ अर्ब ७७ करोड ८५ लाख २१ हजार रुपैयाँ बेरुजु कायम भएको छ । त्यस्तै, १६ समिति तथा अन्य संस्थाको लेखापरीक्षण गर्दा ९ करोड ४८ लाख ४० हजार रुपैयाँ बेरुजु देखिएको छ।

**बेरुजु दर पनि बढ्यो**

महालेखापरीक्षकको प्रतिवेदनअनुसार मधेश प्रदेशको बेरुजु दरमा वर्षैपिच्छे उतारचढाव देखिएको छ। आर्थिक वर्ष २०७४/७५ मा २३.७० प्रतिशत रहेको बेरुजु दर २०७८/७९ मा २.७० प्रतिशतमा झरेको थियो। त्यसपछि २०७९/८० मा ३.८८ प्रतिशत र २०८०/८१ मा २.५३ प्रतिशत रहेको बेरुजु दर २०८१/८२ मा पुनः बढेर ३.७७ प्रतिशत पुगेको छ।

पेस्कीबाहेकको बेरुजु दर पनि अघिल्लो वर्षको २.१० प्रतिशतबाट बढेर २.८६ प्रतिशत पुगेको प्रतिवेदनमा उल्लेख छ।

अघिल्लो वर्षसम्म प्रदेश सरकार तथा समिति र अन्य संस्थाको बेरुजु ९ अर्ब २० करोड ३५ लाख ५९ हजार रुपैयाँ थियो। यस वर्ष ९ करोड ६६ लाख ५६ हजार रुपैयाँ सम्परीक्षण भए पनि ५ लाख ५ हजार रुपैयाँ थप कायम भएको छ। त्यसपछि पुरानो बेरुजु ९ अर्ब १० करोड ७४ लाख ८ हजार रुपैयाँ कायम भएको हो। यसमा चालु वर्षको १ अर्ब ८७ करोड ३३ लाख ६१ हजार रुपैयाँ थपिएपछि अद्यावधिक बेरुजु १० अर्ब ९८ करोड ७ लाख ६९ हजार रुपैयाँ पुगेको प्रतिवेदनमा उल्लेख छ।

लेखापरीक्षणका क्रममा ३७ लाख ६२ हजार रुपैयाँ, प्रारम्भिक प्रतिवेदनपछि ७१ लाख ९० हजार रुपैयाँ र सम्परीक्षणका क्रममा १ लाख ९४ हजार रुपैयाँ असुल भएको छ। यसरी कुल १ करोड ११ लाख ४६ हजार रुपैयाँ असुल भएको महालेखापरीक्षकको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदनअनुसार आर्थिक वर्ष २०७४÷७५ मा मधेश प्रदेशको कुल बेरुजु १ अर्ब ६४ करोड ६० हजार ९ सय रुपैयाँ थियो।

# स्वास्थ्यमा अस्थायी दरबन्दी स्वीकृत



**जनकपुरधाम।**
सरकार प्रदेश सरकारले स्वास्थ्य सेवामा आवश्यक जनशक्ति व्यवस्थापन गर्ने अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको छ।

प्रदेश सरकारको आज बिहान बसेको मन्त्रिपरिषद् बैठकले स्वास्थ्य सेवा अत्यावश्यक तथा संवेदनशील सेवा भएकाले मन्त्रालयको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको टुङ्गो नलागेसम्मका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय गरेको हो।

हालका लागि आवश्यक जनशक्ति व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिन स्वास्थ्य मन्त्रालयको प्रस्तावबमोजिम अस्थायी दरबन्दी स्वीकृत गर्ने निर्णय भएको सरकार प्रदेश सरकारका प्रवक्ता एवं अर्थमन्त्री युवराज भट्टराईले जानकारी दिए।

उनका अनुसार बैठकले प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रीहरू र प्रदेशसभाका पदाधिकारी तथा सदस्यको निजी तथा स्वकीय सचिवालयमा रहेको विद्यमान सङ्गठनात्मक संरचना र कर्मचारी संख्या पुनरावलोकनसम्बन्धी अध्ययन प्रतिवेदन, २०८३ स्वीकृत गर्ने निर्णय गरेको छ।

सरकार प्रवक्ता भट्टराईका अनुसार सरकारले यो अध्ययन प्रतिवेदनमा उल्लिखित सुझाव तथा सिफारिसलाई आवश्यक कानुनी प्रबन्ध मिलाई कार्यान्वयन गर्ने निर्णयसमेत गरेको छ । सचिवालयमा कार्यरत जनशक्तिलाई कार्यबोझ, आवश्यकता र जिम्मेवारीका आधारमा व्यवस्थित गर्दै सार्वजनिक स्रोतको मितव्ययी र प्रभावकारी उपयोग गर्ने उद्देश्यले उक्त निर्णय गरिएको उनले बताए।

त्यस्तै बैठकले स्थानीय तहमा कार्यरत कर्मचारीको वृत्ति विकास तथा सेवा व्यवस्थापनसम्बन्धी कानुनी व्यवस्था गर्ने स्थानीय तह (गठन तथा सञ्चालन) सम्बन्धी ऐन, २०८१ संशोधनको विधेयक मस्यौदा प्रदेशसभाको आगामी अधिवेशनमा पेस गर्ने निर्णय गरेको उनले जानकारी दिए।

स्थानीय तहमा कार्यरत कर्मचारीको सेवा, शर्त, सुविधा तथा वृत्ति विकासका विषयलाई थप स्पष्ट, व्यवस्थित र पूर्वानुमानयोग्य बनाउन विद्यमान कानुनी व्यवस्थाको पुनरावलोकन गरी आवश्यक सुधार गर्न लागिएको सरकारले जनाएको छ।

मन्त्री भट्टराईका अनुसार स्थानीय तहको सेवा प्रवाहलाई प्रभावकारी बनाउन आवश्यक जनशक्तिको स्थायित्व, वृत्ति विकासको सुनिश्चितता तथा कर्मचारी व्यवस्थापनमा देखिएका कानुनी र व्यावहारिक जटिलता समाधान गर्ने उद्देश्यले ऐन संशोधनको प्रक्रिया अघि बढाउने निर्णय गरिएको हो।

# सशस्त्रका सईको हत्यापछि फरार भारतीय पक्राउ

**मधेशदृष्टि**
**सिरहा।**
ड्युटीमा खटिएका सशस्त्र प्रहरी नायब निरीक्षक (सई) लक्ष्मणप्रसाद यादवको हत्या गरी लामो समयदेखि फरार रहेका मुख्य अभियुक्तलाई सिरहा प्रहरीले गोली प्रहार गरी पक्राउ गरेको छ।

भारतको बिहार मधुबनी जिल्लाका ३७ वर्षीय मोहम्मद कुर्बान मंसुरीलाई सिरहाको बरियारपट्टी गाउँपालिका–१ कचनारी स्थित नेपाल–भारत सीमाक्षेत्रबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सिरहाका डीएसपी रमेशबहादुर पालले जानकारी दिएका छन्।

२०८१ साल मंसीर १६ गते मदिरा तस्करी रोक्न खोज्दा टाटा सफारी गाडीले ठक्कर दिएर सई यादवको हत्या गरी उनी फरार भएका थिए।

सीमा क्षेत्रमा लुकिछिपी बसेको अवस्थामा पक्राउ गर्न खोज्दा अभियुक्त मंसुरीसहितका व्यक्तिहरूले प्रहरी टोलीलाई नै लक्षित गरी गोली चलाएपछि स्थिति तनावपूर्ण बनेको थियो।

प्रहरीको जवाफी कारबाहीका क्रममा चलाइएको तीन राउन्ड गोलीमध्ये एक गोली लागेर मुख्य अभियुक्त कुर्बानको बायाँ कुहिना र दाहिने घुँडामा चोट लागेको छ।

घाइते अवस्थामा प्रहरीले नियन्त्रणमा लिएका उनलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल सिरहामा भर्ना गरिएको छ भने घटनामा संलग्न अन्य विषयमा थप अनुसन्धान जारी छ।

# छात्रावासबाट भागेको आरोपमा ११ वर्षीय विद्यार्थीलाई निर्घात कुटपिट




**मधेशदृष्टि**
**जनकपुरधाम।**
सिरहाको लहानस्थित एक निजी विद्यालयमा अध्ययनरत ११ वर्षीय विद्यार्थीलाई छात्रावासबाट भागेको भन्दै निर्घात कुटपिट गरिएको घटना सार्वजनिक भएको छ।

लहान–४ स्थित इन्द्रेणी स्कुल प्रालिका शिक्षकले छात्रावासबाट भागेको भन्दै विद्यार्थीलाई कुटपिट गरेको उनका बुवाले बताएका छन् । सप्तरीको बलानविहुल गाउँपालिका–४ का ती विद्यार्थी विद्यालयको छात्रावासमा बस्दै आएका थिए।

विद्यालयले पनि विद्यार्थीलाई कुटपिट गरेको स्वीकार गरेको छ । विद्यालयका संस्थापक देवेन्द्र साहका अनुसार विद्यार्थी यसअघि पनि पटक–पटक छात्रावासबाट भाग्ने गरेका थिए । पछिल्लो पटक छात्रावासबाट भागेपछि प्रहरीले उनलाई फेला पारेको र आफूहरूलाई समेत नचिनेको भन्दै दुःख दिएको साहले बताए।

भारतमा काम गरिरहेका विद्यार्थीका बुवासँग सम्पर्क गरी उनलाई छुटाएर ल्याएपछि सामान्य तर्साउन एक–दुई लट्ठीले कुटेको साहले स्वीकार गरेका छन्।

तर, विद्यार्थीका अभिभावकले भने बालकलाई निर्घात कुटपिट गर्नुका साथै बाँधेर राखिएको आरोप लगाएका छन् । विद्यार्थीले पनि आफूलाई बाँधेर घोप्टो बनाई फलामे छड र प्लास्टिकको पाइपले कुटेको बताएका छन्।

कुटपिटबाट घाइते बालकलाई परिवारजनले घर लगेर उपचार गराइरहेका छन्।

सिरहाका कतिपय निजी विद्यालयमा विद्यार्थीलाई अनुशासनमा राख्ने नाममा यातना तथा कुटपिटका घटना हुने गरेको अधिकारकर्मीहरूले बताएका छन् । यस्ता घटना दोहोरिरहे पनि कतिपय घटनालाई आर्थिक लेनदेनमा मिलाउने गरिएको उनीहरूको भनाइ छ।

सरोकारवालाको मौनताका कारण विद्यालयमा बालबालिकाले यातना भोग्न बाध्य भइरहेको अधिकारकर्मीहरूले बताएका छन्।

# १ हजार ४ सय किलो गाँजासहित एक जना पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सप्तरीको डाक्नेश्वरी नगरपालिकाबाट प्रहरीले ठूलो परिमाणमा गाँजा बरामद गरेको छ । गाँजासहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

डाक्नेश्वरी नगरपालिका–६ कटैया गाउँस्थित भोला सदाको घरमा गएराति करिब पौने १ बजे खानतलासी गर्दा ५६ वटा बोरामा प्याक गरिएको अवस्थामा करिब १ हजार ४ सय किलोग्राम गाँजा बरामद भएको प्रहरीले जनाएको छ । सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म पातो र नेपाल प्रहरीको संयुक्त टोलीले सदाको घरमा खानतलासी गरेको थियो।





बरामद गाँजासहित पक्राउ परेका सदालाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सप्तरी लगिएको प्रहरीले जनाएको छ।

कटैया गाउँ भारतसँगको सीमावर्ती क्षेत्रमा पर्ने भएकाले बरामद गाँजा भारततर्फ लैजानका लागि भण्डारण गरिएको हुन सक्ने प्रहरीको प्रारम्भिक आशंका छ । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ।

## सम्पादकीय

# सत्ताको सयर र आन्दोलनको दोहोरो चरित्र

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले वीरगंजमा आयोजित ९ दलीय अग्रगामी मोर्चाको कार्यक्रममा मधेशी जनतालाई पुनः आन्दोलनका लागि तयार रहन आह्वान गर्नुले नेपाली राजनीतिमा एउटा गम्भीर बहस सिर्जना गरेको छ। मधेश प्रदेशको वर्तमान संरचनाले जनताको अपेक्षा पूरा गर्न नसकेको भन्दै उनले पुनः आन्दोलनको कार्ड फालेका हुन्। तर, राजनीतिको मूलधारमा दशकौँदेखि प्रभावशाली भूमिकामा रहेका र पटक–पटक सत्ताको उच्च पदमा पुगेका नेताबाटै यस्तो अभिव्यक्ति आउनुलाई विश्लेषकहरूले राजनीतिक विरोधाभासका रूपमा हेरेका छन्।

ऐतिहासिक रूपमा मधेश आन्दोलनको नेतृत्व गरेर राजनीतिक उचाइ हासिल गरेका उपेन्द्र यादव स्वयं पटक–पटक उपप्रधानमन्त्री तथा विभिन्न मन्त्रालयको जिम्मेवारीमा पुगिसकेका छन्। मधेशी समुदायकै नेताहरू प्रधानमन्त्री, उपराष्ट्रपति, मन्त्री र प्रदेशका मुख्यमन्त्रीजस्ता मुलुकका शीर्ष संवैधानिक तथा कार्यपालिकाका पदमा आसीन भइसकेका छन्। सत्ताको बागडोर हातमा हुँदा मधेशका मुद्दा र अधिकार सम्बोधन गर्न नसक्ने, तर सत्ताबाट बाहिरिनेबित्तिकै पुनः सडक र आन्दोलनको दोहोरो चरित्र देखाउने प्रवृत्तिले स्वयं मधेशी जनतालाई समेत निराश र भ्रमित बनाएको छ पछिल्ला निर्वाचनहरूमा मधेशकेन्द्रित दलहरूको जनाधार खस्किँदै गएको र क्षेत्रीय राजनीतिमा नयाँ शक्तिहरूको उदय भइरहेको यथार्थ लुकेको छैन। दलभित्रको विभाजन, आन्तरिक कलह र सत्तामुखी राजनीतिका कारण जनतामाझ गुम्दै गएको साख जोगाउन नेताहरूले बेलाबेलामा भावनात्मक 'सडक आन्दोलन' को कार्ड प्रयोग गर्ने गरेका छन्। वीरगंजको मञ्चबाट यादवले दिएको अभिव्यक्ति पनि आफ्ना असन्तुष्ट कार्यकर्तालाई गोलबन्द गर्ने र खस्किँदो जनाधारलाई पुनः जोगाउने रणनीतिक प्रयासबाहेक केही देखिँदैन।

यदि वर्तमान मधेश प्रदेशको स्वरूप वा संवैधानिक व्यवस्थामा त्रुटिहरू छन् भने त्यसलाई सच्याउने मुख्य थलो संसद् र कानुन निर्माणको प्रक्रिया हो। पटक–पटक सत्ता साझेदारीमा पुग्दा संविधान संशोधन र स्वायत्तताका मुद्दालाई ओझेलमा पार्ने अनि अनुकूल समयमा आन्दोलनको धम्की दिने शैलीले लोकतान्त्रिक र संसदीय अभ्यासको धज्जी उडाउँछ। जनताले नेताहरूबाट आश्वासन र आन्दोलन मात्र होइन, आफूले पाएको अधिकार र अधिकार प्रयोग गर्ने थलोबाट ठोस सुशासन र समृद्धि खोजेका हुन्। मधेशी जनतालाई पटक–पटक आन्दोलनको इन्धन बनाउनुभन्दा पहिले मधेशी नेतृत्वले विगतका आफ्नै भूमिकाको आत्मसमीक्षा गर्नु जरुरी छ। शक्ति र पदमा पुग्दा जनताको मुद्दा बिर्सिने र सत्ता गुमेपछि फेरि सडक तात्ने पुरानै ढर्राले मधेशको वास्तविक समस्या समाधान हुँदैन। अबको आवश्यकता सर्वसाधारणलाई पुनः सडकमा उतारेर व्यक्तिगत राजनीतिक लाभ लिने भन्दा पनि संस्थागत रूपमा उपलब्ध अधिकारको प्रभावकारी कार्यान्वयन र निष्ठापूर्ण सुशासन कायम गर्नु हो।

# संविधानका लाभः सीमान्तकृतको प्रतिनिधित्वदेखि सामाजिक सुरक्षासम्म

–टिकाराम सुनार/रासस

विसं २०७९ मा भएको निर्वाचनमा सुदूरपश्चिम प्रदेशसभाका ३२ वटै क्षेत्रमा पुरुषमात्रै निर्वाचित भएर आए। त्यसमा महिला, दलितलगायतका सीमान्कृत समुदाय छुटे। यहाँ ५२ प्रतिशतभन्दा बढी महिला र १८ प्रतिशतभन्दा बढी दलित समुदायको उपस्थिति छ। कल्पना गर्नुस् त, नेपालको संविधानले समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित नगरेको भए प्रदेशसभा कस्तो हुन्थ्यो ?

हाल प्रदेशसभामा १८ महिला र तीन जना दलित समुदायका सदस्य छन्। 'प्रदेशसभामा यो प्रतिनिधित्वको आधार संविधानले नै दिएको हो। यदि संविधानले कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व सुनिश्चित नगरेको भए बहुसङ्ख्यक भएर पनि प्रतिनिधित्व शून्य हुने थियो। दलितले त झन् छरिएको जनसङ्ख्याका कारण प्रतिनिधित्वको अवसर नै नपाउने अवस्था हुनसक्थ्यो,' प्रदेशसभा सदस्य हिरा सार्की भन्नुहुन्छ।

विसं २०६२÷६३ को जनआन्दोलनको मर्मअनुसार नेपालको संविधान, २०७२ ले प्रत्यक्ष प्रतिस्पर्धाबाट राज्यका नीति निर्माण गर्ने ठाउँमा पुग्न कठिन हुने वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका लागि समानुपातिक प्रतिनिधित्वको बाटो खोलिदियो। यही व्यवस्थाका कारण पहिलो प्रदेशसभामा दलितभित्रै सीमान्तकृत मानिएको वादी समुदायकी उमादेवी वादीले प्रतिनिधित्वको अवसर पाउनुभयो। 'संविधानले ढोका खोलिदिएकैले सीमान्तकृत समुदाय, क्षेत्र र लिङ्गका व्यक्तिको प्रतिनिधित्व सुनिश्चित भएको छ। यसले राज्यका महत्त्वपूर्ण संरचनामा कमजोर वर्गका आवाज हराउन दिएको छैन। त्यसैको प्रतिनिधि म स्वयं हुँ,' पूर्वप्रदेशसभा सदस्य वादीले भन्नुभयो।

प्रदेशसभा सदस्य ललिता सुनार पनि संविधानकै कारण प्रतिनिधित्वको आधार बनेका र अब सहभागितालाई अर्थपूर्ण बनाउन आवश्यक रहेको बताउनुहुन्छ। 'यो असाधारण उपलब्धि हो, तर पनि बर्चश्वशाली व्यक्तिहरूले संविधानको मर्मअनुसार अवसर दिन आनाकानी गरिरहेका छन्। यसर्थ अवसरको समान वितरणमा भने अझै सुधारको आवश्यकता छ,' उहाँले भन्नुभयो।

समावेशी प्रतिनिधित्वको प्रभाव स्थानीय तहसम्म पुगेको छ। प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टका अनुसार २०७९ सालको स्थानीय तह निर्वाचनबाट सुदूरपश्चिममा ४१.२३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित भएको छ। वडामा एक दलित महिला र एक खुला महिला सदस्य, पालिका प्रमुख र उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने अनिवार्य व्यवस्थाले स्थानीय शासनमा महिलासहित सीमान्तकृत समुदायको उपस्थिति बढाएको उहाँ बताउनुहुन्छ।

'यसले आर्थिक, सामाजिक, सांस्कृतिकलगायत कारणले सीमान्तिकरणमा परेकाहरूलाई पनि शासनको औपचारिक संरचनामा प्रवेश गराएको छ। यो राज्यप्रति सबैको अपनत्व सृजना गर्ने महत्त्वपूर्ण पक्ष हो,' उहाँले भन्नुभयो।

**'दुर्गममा जन्मेकै कारण अवसर बन्द छैन'**

सुदूरपश्चिमको अर्को चुनौती हो– भूगोल र अवसरबीचको दूरी। राष्ट्रिय जनगणना २०७८ अनुसार प्रदेशको जनसङ्ख्या २६ लाख ९४ हजार ७८३ छ भने वार्षिक औसत जनसङ्ख्या वृद्धिदर ०.५२ प्रतिशतमात्रै छ। प्रदेशमा गरिबीको अवस्था अझ गम्भीर रहेको देखाउँछ। अर्थात् यहाँ जन्मनु नै धेरै नागरिकका लागि अवसरका हिसाबले अतिरिक्त जोखिम बोकेर जन्मनु हो। पछाडि परेकालाई अगाडि ल्याउन संविधानले नै विशेष व्यवस्था गर्ने बाटो खोलिदियो। संविधानको धारा ४२ ले आर्थिक, सामाजिक वा शैक्षिक रूपमा पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, थारू, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएको क्षेत्रका नागरिकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागिता, संरक्षण र अवसर पाउने हक दिएको छ।

त्यसै कारण राजनीतिक रुपमामात्रै होइन, राज्यका निकायमा पनि समावेशी अनुहार देखिन थालेको छ। त्यस व्यवस्थाले सकारात्मक विभेदको नीतिअनुसार राज्यको मूलधारमा ल्याउने अभ्यास भइरहेको छ। विसं २०६४/६५ देखि २०८१/८२ सम्म लोकसेवा आयोगमार्फत निजामती सेवामामात्रै आठ हजार ९६५ महिला, सात हजार ३० आदिवासी जनजाति, मधेशी पाँच हजार ७२९, दलित दुई हजार ३८६, अपाङ्गता एक हजार २०७, पिछडिएको क्षेत्रका ९५७ जना सहभागी भएका छन्। सुदूरपश्चिमका अछाम, बाजुरा र बझाङजस्ता पिछडिएका क्षेत्रबाट पनि अवसर पछ्याउने यात्रा केही सहज भएको छ।

संविधानकै कारण सुदूरपश्चिममा आफ्नै प्रदेश सरकार, ८८ स्थानीय तह, प्रदेशसभा र प्रदेश लोकसेवा आयोगजस्ता संस्थागत संरचना स्थापित भएका छन्। संविधानको धारा २४४ अनुसार गठित प्रदेश लोकसेवा आयोगले महिला (३३), दलित (१५), रानाथारू (१५), आर्थिक रूपले विपन्न खसआर्य (१२), प्रदेशभित्रकै पिछडिएको क्षेत्र (१०), आदिवासी जनजाति (सात) तथा अपाङ्गता भएका व्यक्ति (पाँच प्रतिशत)का लागि समावेशी पदपूर्तिको काम गरिरहेको छ।

यहाँ आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्म एक हजार ९७५ माग पदमध्ये बढुवासहित एक हजार ९५० पदमा सिफारिस भएका छन्। आर्थिक वर्ष २०८२/८३ मा मात्रै प्रतिस्पर्धाबाट ५३ जना महिला, १० दलित, पाँच थारु/राना थारू, तीन आर्थिक रूपले विपन्न खसआर्य, तीन पिछडिएका, दुई–दुई जना आदिवासी जनजाति र अपाङ्गता भएकाहरू प्रदेश सेवामा सिफारिस भए।

शुक्लाफाँटा–१२ कञ्चनपुरका अङ्कित चौधरीजस्ता युवाले आफ्नो परिवारको सयौँ वर्ष लामो इतिहासमा पहिलोपटक सरकारी सेवामा प्रवेश गर्ने अवसर पाए। वन अधिकृत (सातौँ) का रूपमा सुदूरपश्चिम प्रदेश सेवामा प्रवेश गर्नुभएका चौधरी भन्नुहुन्छ, 'संविधानले ढोका खोलिदिएकै कारण म र मजस्ता सीमान्तकृत परिवार तथा समुदायका व्यक्तिले राज्यका विविध सेवामा काम गर्ने अवसर पाएका हौँ। मैले प्रतिनिधित्व गरेको समूह आरक्षित व्यवस्थाअनुसार प्रवेश पाउने कान्छो समूह पनि हो। यो संविधानकै ऐतिहासिक उपलब्धि हो।'

प्रदेश लोकसेवा आयोगका सचिव विमलप्रसाद बराल प्रदेश लोकसेवा आयोगको गठनले सार्वजनिक प्रशासनमा प्रदेशका युवाको पहुँच बढाउनुका साथै सीमान्तकृत समुदाय, वर्ग, लिङ्ग र क्षेत्रका व्यक्तिको राज्यप्रतिको अपनत्व सृजनामा योगदान गरिरहेको बताउनुहुन्छ।

**गरिब र असहायको सहारा राज्य**

संविधानले सामाजिक सुरक्षालाई मौलिक हकका रूपमा स्थापित गरेको छ। धारा ४३ ले आर्थिक रूपले विपन्न, अशक्त तथा असहाय, एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफैँ गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ। त्यसैअनुसार सामाजिक सुरक्षा ऐन, २०७५ जारी भएपछि सामाजिक सुरक्षा भत्ता तथा लक्षित कार्यक्रमको दायरा विस्तार हुँदै गएको छ।

सङ्घीय महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्य तथा सामाजिक सुरक्षा मन्त्रालयका अनुसार देशभर विभिन्न सामाजिक सुरक्षा भत्ता तथा लक्षित कार्यक्रमअन्तर्गत ३७ लाख २२ हजार ६७४ लाभग्राहीले राज्यको सहारा पाएका छन्। तीमध्ये सुदूरपश्चिमका नौ जिल्लाका तीन लाख ९८ हजार २३७ जना विभिन्न सामाजिक सुरक्षा कार्यक्रममा जोडिएका छन्। जसमा ७० वर्ष वा सोभन्दा माथिका ज्येष्ठ नागरिक एक लाख ५१ हजार ३७५, दलित ज्येष्ठ नागरिक २४ हजार ३२२, ज्येष्ठ नागरिक एकल महिला २३ हजार १६८ र अन्य उमेर समूहका एकल महिला ४४ हजार ८१४ जना छन्। अपाङ्गतातर्फ 'क' वर्गका पाँच हजार ६५४ र 'ख' वर्गका १५ हजार १४६ गरी २० हजार ८०० जना लाभान्वित भइरहेका छन्।

यस्तै, बाल पोषण कार्यक्रमअन्तर्गत सुदूरपश्चिममा क्षेत्र तोकिएका ८१ हजार ५२८ र दलित समुदायका ४८ हजार ९७३ गरी एक लाख ३० हजार ५०१ बालबालिका लक्षित कार्यक्रमको दायरामा छन्। बझाङ, बाजुरा, अछाम, बैतडी र डोटी क्षेत्र तोकिएका २४ जिल्लामध्ये पर्दछन्।

सुदूरपश्चिममा यसको अझ ठूलो प्रभाव छ। यहाँ राज्यले दिने सामाजिक सुरक्षा भत्ता धेरैका लागि सहारा बनेको छ। सामाजिक सुरक्षा मन्त्रालयका सूचना अधिकारी बसन्त भट्टराई सामाजिक सुरक्षा अब स्थानीय तहसम्म पुगेको नियमित प्रशासनिक प्रणालीका रूपमा विकास भएको र यसले राज्यलाई 'कोही नहुनेको अभिभाव राज्य छ' भन्ने सन्देश प्रवाह गरिरहेको बताउनुहुन्छ।

**स्वास्थ्यमा पहुँचको संवैधानिक आधार**

भौगोलिक विकटतालगायत कारण सुदूरपश्चिमका नागरिकहरूका लागि स्वास्थ्य सेवामा पहुँच निकै सकसपूर्ण छ। संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य सेवा निःशुल्क पाउने, आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित नगरिने तथा स्वास्थ्य सेवामा समान पहुँच हुने हक दिएको छ। त्यसैअनुसार स्थानीय तहले आधारभूत, प्रदेशले विशेषज्ञ र संघले विशिष्टीकृत स्वास्थ्य सेवा विस्तारमा काम गरिरहेका छन्।

यसले यहाँका नागरिकको गुणस्तरीय स्वाथ्य सेवामा पहुँच पुर्याउन गुणात्मक योगदान पुगेको सुदूरपश्चिम प्रदेश सामाजिक विकास मन्त्रालयका जनस्वास्थ्य प्रशासक रमेश मलासी बताउनुहुन्छ। संविधानको मर्मअनुसार प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्वास्थ्य सेवा विस्तार गरिरहेको र हाल मन्त्रालयअन्तर्गतका ५२ निकायमध्ये ३५ वटा स्वास्थ्यसँग सम्बन्धित निकायले सेवा प्रवाहको काम गरिरहेका उहाँ बताउनुहुन्छ।

स्वास्थ्यमा समान पहुँचको संवैधानिक दायित्वलाई व्यवहारमा लैजान स्वास्थ्य बिमा पनि महत्त्वपूर्ण सार्वजनिक संयन्त्रका रूपमा अघि बढेको छ। बिमा व्यवस्थापन सूचना प्रणालीअनुसार सुदूरपश्चिममा हाल सात लाख ३२ हजार ७५२ जना बिमा प्रणालीमा जोडिएका छन्।

स्वास्थ्य बिमा बोर्ड सुदूरपश्चिमका संयोजक जनकबहादुर साउद स्वास्थ्य बिमा स्वास्थ्यमा समान पहुँच सुनिश्चित गर्ने संवैधानिक दायित्व कार्यान्वयनको महत्त्वपूर्ण पक्षका रुपमा विस्तार भइरहेको बताउनुहुन्छ। यसले आर्थिक रूपमा कमजोर परिवारका लागि उपचार खर्च व्यवस्थापनमा राहत पुर्याइरहेको उहाँले बताउनुभयो।

**स्रोत र विकासमा साझेदारी**

सुदूरपश्चिमको आफ्नै आन्तरिक आम्दानी सीमित छ, तर संविधानको धारा ६० ले गरेको राजस्व अधिकार तथा राजस्व बाँडफाँटको व्यवस्थाले प्रदेशमा विकास गतिविधि सञ्चालनका लागि वित्तीय आधार दिएको छ।

आव २०७७/७८ मा प्रदेशले सङ्घबाट समानीकरण, सशर्त, समपूरक र विशेष अनुदान गरी रु १४ अर्ब २३ करोड ७१ लाख प्राप्त गर्दा प्रदेश स्रोत रु २० अर्ब ४० करोड ७९ लाख थियो। त्यसपछि आव २०७८/७९ मा रु १४ अर्ब ६० करोड ४८ लाख, आव २०७९/८० मा १७ अर्ब ५५ करोड ८३ लाख, आव २०८०/८१ मा रु १४ अर्ब ४२ करोड १९ लाख, आव २०८१/८२ मा रु १३ अर्ब ८७ करोड ११ लाख र आव २०८२/८३ मा रु १४ अर्ब २० करोड ७२ लाख सङ्घीय अनुदान प्राप्त भएको आर्थिक मामिला मन्त्रालयका प्रवक्ता उपसचिव सत्यराज जोशीले जानकारी दिनुभयो।

मन्त्रालयका सचिव राजेन्द्रकुमार हमाल यसरी प्राप्त बजेटले प्रदेशको सीमित आन्तरिक आम्दानीका बाबजुद विकास गतिविधि सञ्चालनमा सहयोग पुगिरहेको बताउनुहुन्छ। 'संविधानले अधिकार र जिम्मेवारीको स्पष्ट आधारसहित विकास र समृद्धिको बाटो देखाएको छ। तथापि, प्रदेशलाई दिनुपर्ने अधिकार, स्रोत र कार्यक्षेत्रबीचको तादाम्यता अझ स्पष्ट बनाउँदै तीनै तहका सरकारबीचको समन्वय बलियो बनाउनुपर्ने आवश्यकता छ। यसले विकासको गन्तव्य पछ्याउन थप टेवा पुग्नेछ,' उहाँले भन्नुभयो।

**'थप सुधार अपेक्षित'**

संविधानले अधिकार, प्रतिनिधित्व, संस्था र स्रोत परिचालनको बाटो दिएको छ, तर यसले प्रदेशका सबै समस्या समाधान गरिसकेको छैन। गरिबी, दुर्गम भूगोल, रोजगारीका अवसरको अभाव, कम आय, शिक्षा तथा स्वास्थ्य सेवाको पहुँच, युवा पलायन र बसाइँसराइका चुनौती कायमै छन्।

प्रदेश नीति आयोगका निवर्तमान सदस्य नृपबहादुर सुनार संविधान निर्माणको ११ वर्षमा प्रदेश समृद्धिको जग निर्माण भइरहेको बताउनुहुन्छ। दूरदराजका बस्तीहरूमा सडक, खानेपानी, सिँचाइ, स्वास्थ्य पूर्वाधार र आवासको पहुँच विस्तारमा उल्लेख्य प्रगति भएको उहाँको भनाइ छ।

सुनार भन्नुहुन्छ, 'संविधानले सुदूरपश्चिमलाई समृद्धितर्फ जाने आधार, गरिब भएकै कारण राज्यबाट झन् बाहिरिन नदिने सुरक्षा, दुर्गम भएकै कारण अवसरबाट वञ्चित नहुन विशेष व्यवस्था, सीमान्तकृतलाई राज्यको मूलप्रवाह ल्याउने सुनिश्चतता दिएको छ। नागरिकमा राज्यप्रतिको अपनत्व बढाउने आधार दिएको छ।'

आर्थिक मामिला राज्यमन्त्री जानकी ऐर बम पनि संविधानपछि बहुस्तरका सरकारमार्फत राज्यका लाभको समन्यायिक वितरणका लागि काम गर्न सहज भएको बताउनुहुन्छ। 'महिला, दलित, पिछडिएका क्षेत्रलगायत राज्यमा आफ्नो प्रतिनिधित्व र अपनत्व महसुस गर्न नसकेका नागरिक शासन अभ्यासमा सहभागी हुन पाउनु आफैँमा महत्वपूर्ण परिवर्तन हो,' उहाँ भन्नुहुन्छ।

सुदूरपश्चिम प्रदेशसभा सामाजिक विकास समितिका सभापति धर्मराज पाठक संविधानले समावेशी लोकतन्त्र र राज्य संरचनामा सबैको प्रतिनिधित्व तथा अपनत्वको आधार निर्माण गरेको बताउनुहुन्छ। अब संविधानले दिएका अधिकारको प्रयोगबाट नागरिकको जीवनमा कति परिवर्तन आयो र अझै को–को बाहिर छन् भन्ने समीक्षा गर्दै त्यसलाई थप फराकिलो बनाउनु आवश्यक रहेको उहाँको धारणा छ।

संविधान कार्यान्वयनको ११औँ वर्ष पूरा हुँदै गर्दा अधिकार, प्रतिनिधित्व, स्रोत र राज्यको पहुँच विस्तारका लागि ढोका खुलेका छन्। अब ती ढोकाबाट कति नागरिक भित्र पसे, उनीहरूको जीवन कति बदलियो र अझै बाहिर रहेका नागरिकसम्म राज्यको अवसर कसरी पुर्याउने भन्नेबारे समीक्षासहित थप सुधार सुनिश्चित गर्नुपर्ने सरोकारवाला बताउँछन्।

# दुई दशकदेखि रोकिएको धुलिखेल जग्गा विकास आयोजना ब्युँतिँदै

सनम सुवाल /रासस

धुलिखेल नगरपालिका–४ स्थित बाँसघारी र छापगाउँमा सञ्चालित धुलिखेल एकीकृत जग्गा विकास आयोजना दुई दशकभन्दा लामो समयदेखि रोकिएपछि पुनः कार्यान्वयनको प्रक्रियामा अघि बढाइएको छ। आयोजना क्षेत्रका निजी, सार्वजनिक तथा गुठीका गरी २७२ दशमलव ५ रोपनी जग्गा २२ वर्षदेखि रोक्का रहँदा ७२ भन्दा बढी परिवार प्रभावित भएका छन्।

आयोजना क्षेत्रका दुई सय ७० भन्दा बढी कित्ता रोक्का रहेकाले जग्गाधनीले घर निर्माण, कित्ताकाट तथा बैङ्कमा धितो राखेर ऋण लिनेलगायत प्रयोजनमा आफ्नो जग्गा सहज रूपमा उपयोग गर्न पाएका छैनन्। लामो समयदेखि रोक्का रहेको जग्गाको समस्या समाधान हुन नसक्दा प्रभावित परिवारले पटक–पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै आएका छन्।

तत्कालीन आवास तथा भौतिक योजना मन्त्रालयअन्तर्गतको सहरी तथा वातावरणीय सुधार आयोजनामार्फत विसं २०६१ मङ्सिरदेखि धुलिखेलमा एकीकृत जग्गा विकास आयोजना अघि बढाइएको थियो। व्यवस्थित सहरीकरणका लागि जग्गा एकीकरण गरी सडक, खानेपानी, ढल, विद्युत् लगायतका पूर्वाधार निर्माण गर्ने र विकसित घडेरीका रूपमा जग्गा व्यवस्थापन गर्ने उद्देश्यले आयोजना सुरु गरिएको थियो।

सरकारले २०६३ असोज ३० गते राजपत्रमा सूचना प्रकाशित गरी आयोजना कार्यान्वयनको प्रक्रिया अघि बढाएपछि आयोजना क्षेत्रको जग्गा रोक्का गरिएको थियो। स्थानीय जग्गाधनीबीच सहमति र असहमति देखिएपछि आयोजना कार्यान्वयनमा ढिलाइ भएको हो। प्रभावित स्थानीयका अनुसार ७२ घरपरिवारमध्ये ४९ परिवारले आयोजनाप्रति असहमति जनाएका थिए। यस विषयमा स्थानीयस्तरमा राजनीतिक दलबीच मतभेद भएको थियो।

आयोजना अघि बढाउने र जग्गा फुकुवा गर्ने विषयमा विवाद बढ्दै गएपछि जग्गाधनीको तर्फबाट अदालतमा रिटसमेत परेको थियो। त्यसपछि आयोजना कार्यान्वयन प्रक्रिया थप लम्बिएको स्थानीयको भनाइ छ।

विसं २०७२ को भूकम्पपछि घरबास प्रभावित भएका कतिपय परिवारले आफ्नै नाममा जग्गा भए पनि नयाँ घर निर्माण गर्न समस्या भएको बताएका छन्। धुलिखेल–४ बाँसघारीका विक्रम राणा, मैना थापा मगर र केशव खुलाल तथा छापगाउँकी सुष्मी कार्कीलगायतले लामो समयदेखि जग्गा रोक्का रहँदा व्यक्तिगत तथा पारिवारिक आवश्यकता पूरा गर्न कठिनाइ भएको बताएका छन्।

आयोजनालाई निकास दिन गठित १४ सदस्यीय उपभोक्ता समितिका उपाध्यक्ष केशव खुलालले लामो समयसम्म जग्गा रोक्का रहँदा स्थानीय समस्यामा परेको बताउनुभयो। उहाँले आयोजना सम्पन्न गरी विकसित घडेरी हस्तान्तरण गर्ने वा कानुनी प्रक्रिया पूरा गरी जग्गा फुकुवा गर्ने गरी स्पष्ट निर्णय हुनुपर्ने बताउनुभयो।

'आफ्नै नाममा जग्गा भए पनि आवश्यक परेको समयमा त्यसको उपयोग गर्न सकिएको छैन। अब आयोजना सम्पन्न गर्ने वा जग्गा फुकुवा गर्ने विषयमा स्पष्ट निकास आउनुपर्छ,' उहाँले भन्नुभयो।

आयोजना लामो समय अलपत्र पर्नुमा प्रशासनिक, कानुनी तथा वित्तीय जटिलता पनि जोडिएका छन्। सहरी विकास तथा भवन निर्माण विभागले विसं २०८२ जेठ २० गते धुलिखेल नगरपालिकालाई पत्राचार गर्दै विसं २०६५ कात्तिक ११ गतेको सम्झौताअनुसार उपलब्ध गराइएको रु. ५० लाख साँवा र रु. १८ लाख ९६ हजार आठ सय १० ब्याजसहितको रकम फिर्ता गर्न माग गरेको थियो।

आयोजनासम्बन्धी अभिलेखअनुसार जग्गा धुलिखेल एकीकृत जग्गा विकास आयोजनाका नाममा रोक्का छ। नगरपालिकाको पहलमा श्रेस्ता एकीकरणको काम अघि बढे पनि कित्ता एकीकरण पूर्णरूपमा सम्पन्न हुन सकेको छैन। बैङ्क तथा अदालतबाट रोक्का रहेका केही कित्ताका कारण कानुनी जटिलता पनि कायम रहेको नगरपालिकासँग सम्बन्धित अभिलेखमा उल्लेख छ।

आयोजनालाई अघि बढाउने प्रयासस्वरूप धुलिखेल नगरपालिकाको विसं २०८० भदौ २६ गते बसेको कार्यपालिका बैठकले बैङ्क, वित्तीय संस्था तथा अदालतबाट रोक्का रहेका जग्गासमेत फुकुवा गराई आयोजनाका नाममा एकमुष्ट श्रेस्ता कायम गरी पठाउन मालपोत कार्यालय काभ्रेलाई पत्राचार गर्ने निर्णय गरेको थियो। तर आयोजना सङ्घीय सरकारको सहरी विकास मन्त्रालय तथा मातहतका निकायसँग समेत सम्बन्धित रहेकाले स्थानीय तहबाट मात्र सम्पूर्ण प्रक्रिया टुङ्ग्याउन कठिनाइ भएको थियो।

लामो समयदेखि रोकिएको आयोजनालाई अघि बढाउन विसं २०८३ वैशाख २२ गते धुलिखेल नगरपालिकाका कार्यवाहक नगर प्रमुख निराजन जङ्गमको अध्यक्षतामा नगर विकास समिति पुनर्गठन गरिएको थियो। त्यसपछि स्थानीय जग्गाधनी, वडा कार्यालय, मालपोत कार्यालय तथा सङ्घीय सरकारका सम्बन्धित निकायसँग समन्वय गरी आयोजना टुङ्गोमा पुर्याउने प्रक्रिया अघि बढाइएको नगरपालिकाले जनाएको छ।

कार्यवाहक नगर प्रमुख जङ्गमले लामो समयदेखि रोकिएको आयोजना कार्यान्वयन गरी प्रभावित नागरिकको समस्या समाधान गर्नु नगरपालिकाको प्राथमिकतामा रहेको बताउनुभएको छ। विगतका प्रशासनिक तथा कानुनी जटिलता समाधान गर्दै आयोजनास्थलमै पूर्वाधार निर्माणको काम अघि बढाउने तयारी भइरहेको उहाँको भनाइ छ।

आयोजनालाई कार्यान्वयनको चरणमा लैजान विसं २०८३ भदौ २६ गते नगरपालिकामा कार्यवाहक नगर प्रमुख जङ्गम, प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनी तथा नवगठित उपभोक्ता समितिका पदाधिकारीबीच बैठक भएको थियो। बैठकले स्थानीयस्तरबाट आयोजना कार्यान्वयनमा सहजीकरण गर्न रत्नबहादुर कार्कीको संयोजकत्व र केशव खुलालको उपाध्यक्षतामा १४ सदस्यीय उपभोक्ता समिति गठन गरेको थियो।

उपभोक्ता समितिको प्रारम्भिक बैठकका निर्णय अनुमोदन गर्दै आयोजनाको काम अघि बढाउन आवश्यक प्रशासनिक जनशक्ति व्यवस्थापन गर्ने र आयोजनास्थलमै छुट्टै आयोजना कार्यालय स्थापना गर्ने निर्णयसमेत गरिएको नगरपालिकाले जनाएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मोहनप्रसाद मरासिनीका अनुसार आयोजनाका कानुनी तथा प्रशासनिक पक्ष टुङ्गोमा पुर्याउँदै अब भौतिक पूर्वाधार निर्माणको काम अघि बढाउने तयारी गरिएको छ। सडक सञ्जाल, विद्युत् विस्तार, ढल निकास तथा खानेपानीलगायतका पूर्वाधार निर्माणपछि नापी तथा मालपोतसम्बन्धी प्रक्रिया पूरा गरी विकसित घडेरी सम्बन्धित जग्गाधनीलाई हस्तान्तरण गर्ने योजना छ।

'आयोजनाका धेरै प्रशासनिक र कानुनी पक्ष अघि बढिसकेका छन्। अब भौतिक पूर्वाधार निर्माणमा केन्द्रित भएर काम अघि बढाउनुपर्ने अवस्था छ,' उहाँले भन्नुभयो।

नगरपालिकाका अनुसार आयोजनालाई आगामी नीति तथा कार्यक्रममा बजेटसहित समेटेर कार्यान्वयन अघि बढाउने तयारी छ। आवश्यक प्राविधिक तथा प्रशासनिक जनशक्ति व्यवस्थापन गरी छुट्टै आयोजना कार्यालयमार्फत कामलाई व्यवस्थित गर्ने तयारी छ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# बाढीमा बेपत्ता ६ परिवारलाई महानगरको सहयोग, २३ दिन बित्दा पनि आफन्तको अत्तोपत्तो छैन



**मधेशदृष्टि**
**वीरगंज।**
रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीमा परी बेपत्ता भएका वीरगंज महानगरपालिका–२२ जगरनाथपुरका ६ जनाका परिवारलाई महानगरपालिकाले राहत तथा आवश्यक सहयोग उपलब्ध गराउने भएको छ । बाढी आएको लामो समय बितिसक्दा पनि एउटै टोलका ६ जना सम्पर्कविहीन रहेपछि पीडित परिवारको पीडामा साथ दिन महानगरपालिका अघि सरेको हो।

आइतबार वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंह र पूर्वमन्त्री प्रदीप यादव जगरनाथपुर पुगेर बेपत्ता व्यक्तिका परिवारसँग भेट गरेका छन् । उनीहरूले परिवारका सदस्यसँग बेपत्ताको अवस्था, अहिलेसम्म भएका खोजी प्रयास तथा परिवारले भोगिरहेका समस्या र कठिनाइबारे जानकारी लिएका थिए।

भेटका क्रममा मेयर सिंहले बेपत्ता परिवारको दुःखमा महानगरपालिका साथमा रहेको बताउँदै तत्काल उपलब्ध गराउन सकिने राहत तथा आवश्यक सहयोग प्रदान गर्ने प्रतिबद्धता जनाए । बेपत्ताको खोजी, शवको पहिचान र परिवारलाई आवश्यक सहजीकरणका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने आश्वासनसमेत उनले दिएका छन्।

'आफ्नो परिवारको सदस्यको अवस्थाबारे अनिश्चित भएर बस्नुपर्दाको पीडा निकै गम्भीर हुन्छ । यो दुःखको घडीमा वीरगंज महानगरपालिका बेपत्ता परिवारसँगै छ। महानगरपालिकाको तर्फबाट तत्काल गर्न सकिने सहयोग उपलब्ध गराउनेछौँ र आवश्यक समन्वय पनि गर्नेछौँ,' मेयर सिंहले भने।

**एउटै टोलका ६ युवा बेपत्ता, परिवारमा छटपटी कायमै**

भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीपछि जगरनाथपुरको एउटै टोलका ६ जना सम्पर्कविहीन भएका थिए । बेपत्ता हुनेमा २१ वर्षीय साहबुद्दिन मन्सुरी, २० वर्षीय राहुल मियाँ, १४ वर्षीय सरताज मियाँ, १७ वर्षीय समिम आलम, २० वर्षीय सर्फराज मियाँ र १६ वर्षीय रिजवान अन्सारी रहेका छन्।

साहबुद्दिन, राहुल, सरताज, समिम र सर्फराज टिमुरेस्थित मोटरसाइकल ग्यारेजमा काम गर्न पुगेका थिए । रिजवान भने बेत्रावती–१० स्थित अन्सारी मोटरसाइकल वर्कसपमा कार्यरत थिए। बाढी आएको दिनदेखि उनीहरू परिवारको सम्पर्कमा आएका छैनन् । लामो समय बितिसक्दा पनि बेपत्ताको अवस्था पत्ता नलागेपछि परिवारमा अन्योल र पीडा झनै गहिरिएको छ।

**छोराको खोजीमा टिमुरेसम्म पुगे, शव राखिएको स्थानसमेत छानबिन गरे**

समिम आलमका बुवा तैयब मियाँ मन्सुरीले छोराको खोजीका लागि परिवारका सदस्य टिमुरेसम्म पुगेपनि कुनै जानकारी प्राप्त गर्न नसकेको बताए । 'छोरा भेटिन्छ कि भनेर टिमुरेसम्म पुग्यौँ । शव राखिएको ठाउँमा समेत पुगेर खोज्यौँ, तर छोराको कुनै अत्तोपत्तो भएन,' तैयबले भने।

तैयबका दाजु उजिर मियाँ मन्सुरीका छोरा सर्फराजसमेत बाढीमा बेपत्ता छन्। एउटै परिवारका दुई दाजुभाइका एक–एक छोरा बेपत्ता भएपछि परिवारमा थप पीडा थपिएको छ । उनीहरूकै आफन्त अहमद मियाँका छोरा २० वर्षीय राहुल मियाँ पनि बेपत्ता भएका छन्।

बेपत्ताको पहिचानका लागि फेला परेका शवसँग डीएनए परीक्षणमार्फत मिलान गर्न परिवारका सदस्यहरूले रगतको नमुनासमेत बुझाएका छन् । तर अहिलेसम्म आफ्ना आफन्तबारे कुनै निश्चित जानकारी प्राप्त हुन नसकेको उजिरले बताए।

**मोटरसाइकल मर्मत सिक्न गएका किशोरदेखि रोजगारीका लागि पुगेका युवासम्म बेपत्ता**

१४ वर्षीय सरताज मियाँ बाढी आउनुभन्दा करिब दुई महिनाअघि मात्रै मोटरसाइकल मर्मत गर्ने सीप सिक्न टिमुरे पुगेका थिए । साहबुद्दिन र सर्फराज पनि टिमुरे गएको करिब दुई साता मात्रै भएको परिवारजनले बताएका छन् । रोजगारी तथा सीप सिक्ने उद्देश्यले घरबाट टाढा पुगेका उनीहरू विपत्तिपछि सम्पर्कविहीन बनेका हुन्।

साहबुद्दिनका बुवा अली मियाँ अझै पनि छोराको मोबाइल नम्बरमा फोन गरिरहेका छन् । छोरासँग सम्पर्क होला र उनी घर फर्किएलान् भन्ने आशा आफूले नछाडेको उनले बताए । 'बाढी आएको दिनदेखि नै नम्बरमा फोन गरिरहेको छु । कतै फोन लागिहाल्छ कि, छोरा फर्केर आउँछ कि भन्ने आशा अझै छ,' अलीले भने।

**पीडित परिवारलाई राज्यका सबै तहबाट सहयोग आवश्यक: यादव**

भेटका क्रममा पूर्वमन्त्री प्रदीप यादवले विपत्तिका कारण आफन्त बेपत्ता भएका परिवारलाई राज्यका सबै तहबाट सहयोग र समन्वय आवश्यक रहेको बताए। उनले पीडित परिवारको अवस्था बुझेर राहत तथा आवश्यक सहयोगका लागि सम्बन्धित निकायसँग समन्वय गर्ने प्रतिबद्धता जनाए । बेपत्ता परिवारले लामो समयसम्म अनिश्चितताको पीडा भोग्नुपर्ने अवस्था दुःखद रहेको भन्दै खोजी, पहिचान र राहतको कामलाई प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिए।

वीरगंजका बेपत्ता परिवारको समस्या समाधानका लागि आफ्नो तर्फबाट समेत पहल गर्ने यादवले बताए । भोटेकोशी बाढीमा बेपत्ता भएको लामो समय बितिसक्दा पनि जगरनाथपुरका ६ परिवारले आफ्ना आफन्तको अवस्थाबारे कुनै निश्चित जानकारी पाउन सकेका छैनन् । महानगरपालिकाले सहयोगको प्रतिबद्धता जनाए पनि बेपत्ताको खोजी र पहिचानको काम प्रभावकारी रूपमा अघि बढाउनु परिवारका लागि अझै प्रमुख चुनौती बनेको छ।

# २३ दिनसम्म छोराको अत्तोपत्तो भएन, अन्ततः कुशको शव बनाएर अन्तिम संस्कार

**बाढीमा बेपत्ता बाराका नमोनारायण पटेलको शव नभेटिएपछि परिवारको कठोर निर्णय, स्थानीय सरकारको सहयोगप्रति गुनासो ।**





**मधेशदृष्टि**
**परवानीपुर।**
लाङटाङ लिरुङ हिमाल क्षेत्रमा गएको हिम–चट्टान पहिरोपछि भोटेकोशी र त्रिशूली नदी प्रणालीमा आएको बाढीमा बेपत्ता भएका बाराको परवानीपुर गाउँपालिका–५, बहुअरी टोलका ३६ वर्षीय नमोनारायण पटेलको २३ दिनसम्म खोजी गर्दा पनि कुनै अत्तोपत्तो नलागेपछि परिवारले कुशको शव बनाएर अन्तिम संस्कार गरेको छ । बाढीमा जेठो छोरा बेपत्ता भएपछि बुवा प्रभु पटेलसहित परिवारका सदस्य, आफन्त र गाउँलेहरू घटनाकै दिनदेखि उनको खोजीमा जुटेका थिए । प्रहरी प्रशासन, स्थानीय तह तथा सम्भावित विभिन्न स्थानमा निरन्तर खोजतलास गरिए पनि नमोनारायण जीवित वा मृत अवस्थामा फेला पर्न सकेनन् । लामो समयसम्म खोजी गर्दा पनि कुनै सुराक नपाएपछि परिवारले हिन्दु धार्मिक तथा सामाजिक परम्पराअनुसार शनिबार कुशको प्रतीकात्मक शव तयार पारेर अन्तिम संस्कार गरेको हो। शवसमेत फेला नपरेको अवस्थामा छोराको अन्तिम संस्कार गर्नुपर्ने बाध्यताले परिवारलाई शोकसँगै गहिरो मानसिक पीडामा धकेलेको छ।

**छोराको प्रतीक्षामा बिते २३ दिन, अन्ततः कुशको शवमा दाहसंस्कार**

नमोनारायणको अन्तिम संस्कारका क्रममा बहुअरी टोल शोकमा डुबेको थियो । आफन्त, छिमेकी तथा स्थानीयवासी भावुक बनेका थिए । बुवा प्रभु पटेलले जेठो छोरा यसरी बेपत्ता भएर अन्ततः कुशको शवमार्फत अन्तिम संस्कार गर्नुपर्ने अवस्था आउला भन्ने आफूले कहिल्यै नसोचेको बताए । २३ दिनसम्म छोरा फर्किने आशामा बसे पनि खोजीका क्रममा कुनै खबर नआएपछि भारी मनका साथ अन्तिम संस्कार गर्नुपरेको उनको भनाइ थियो।

नमोनारायणका भाइ धरमेश पटेलले दाइको खोजीका लागि सम्भव भएसम्म सबै ठाउँमा पुगेर प्रयास गरिएको बताए । प्रहरी प्रशासनसँग समन्वय गर्नुका साथै बाढी प्रभावित विभिन्न क्षेत्र र सम्भावित स्थानमा पुगेर खोजतलास गरे पनि दाइको कुनै जानकारी प्राप्त हुन नसकेको उनले बताए । '२३ दिनदेखि दाइको खोजीमा हामीले धेरै ठाउँ धायौँ। प्रहरी प्रशासनसँग समन्वय ग¥यौँ, स्थानीय निकायलाई जानकारी गरायौँ । घटनास्थलदेखि सम्भावित अन्य स्थानसम्म पुग्यौँ, तर दाइको कुनै खबर पाएनौँ,' धरमेशले भने, 'जीवित छन् कि छैनन् भन्ने पनि थाहा नपाई बस्नुपर्ने अवस्था भयो। अन्ततः हिन्दु रीतिरिवाजअनुसार अन्तिम संस्कार गर्न बाध्य भयौँ।'

**शव नभेटिए पनि संस्कार गर्नुपर्ने बाध्यता**

परिवारका अनुसार लामो समयसम्म खोजी गर्दा समेत नमोनारायणको कुनै सुराक नपाएपछि धार्मिक परम्पराअनुसार कुशको शव बनाएर दाहसंस्कार गरिएको हो । वास्तविक शव फेला नपरेको अवस्थामा अन्तिम संस्कार गर्नुपरेको पीडाले परिवारको दुःख झनै गहिरिएको छ । अन्तिम संस्कारमा स्थानीय राजनीतिकर्मी, सामाजिक अगुवा, आफन्त तथा ठूलो संख्यामा स्थानीयवासी सहभागी भएका थिए। दाहसंस्कारका क्रममा उपस्थित धेरैजसो स्थानीयवासी भावुक बनेका थिए।

**विपत्तिमा स्थानीय सरकारको साथ नपाएको परिवारको गुनासो**

यसैबीच, पीडित परिवारले विपत्तिको कठिन घडीमा स्थानीय सरकारबाट अपेक्षित सहयोग प्राप्त हुन नसकेको गुनासो गरेको छ । आफूहरूले भोगिरहेको पीडा र समस्याप्रति स्थानीय सरकारले आवश्यक चासो देखाउँदै सहयोग गर्नुपर्ने परिवारको अपेक्षा छ।

बाढीमा नमोनारायण बेपत्ता भएको २३ दिन बितिसक्दा पनि उनको वास्तविक अवस्थाबारे आधिकारिक जानकारी प्राप्त हुन सकेको छैन । शवसमेत फेला नपरी अन्तिम संस्कार गर्नुपरेको घटनाले परिवारलाई शोकसँगै अनिश्चितताको गहिरो पीडामा छोडेको छ।

# बाराका प्रजिअसँग वीरगंज उद्योग वाणिज्य संघको भेटघाट तथा छलफल

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज उद्योग वाणिज्य संघले बाराका नवआगन्तुक प्रमुख जिल्ला अधिकारी खडानन्द अधिकारीसँग भेटघाट तथा छलफल गरेको छ । संघका अध्यक्ष हरि प्रसाद गौतमको नेतृत्वमा गएको टोलीले प्रमुख जिल्ला अधिकारी अधिकारीलाई स्वागत गर्दै उद्योगी व्यवसायीका विभिन्न समस्या तथा औद्योगिक सुरक्षाका विषयमा छलफल गरेको हो।

कार्यक्रममा संघका अध्यक्ष गौतमले औद्योगिक करिडोरमा उद्योग तथा व्यवसाय सञ्चालनका लागि शान्ति–सुरक्षाको महत्वपूर्ण भूमिका रहने उल्लेख गर्दै उद्योगी–व्यवसायीको लगानी र सम्पत्तिको सुरक्षालाई प्राथमिकतामा राख्न प्रमुख जिल्ला अधिकारी अधिकारीको ध्यानाकर्षण गराए । उनले उद्योग क्षेत्रमा देखिएका सुरक्षा तथा अन्य व्यावहारिक समस्याको समाधानका लागि प्रशासन र निजी क्षेत्रबीच निरन्तर समन्वय आवश्यक रहेको बताए।

त्यसैगरी संघका निवर्तमान अध्यक्ष अनिल अग्रवालले औद्योगिक क्षेत्रमा देखिएका सुरक्षा चुनौती, करसम्बन्धी विषय तथा व्यवसायीले भोग्दै आएका समस्याबारे प्रमुख जिल्ला अधिकारी अधिकारीको ध्यानाकर्षण गराए । उनले उद्योगी व्यवसायी र प्रशासनबीच निरन्तर संवाद तथा समन्वय आवश्यक रहेको बताए।

संघका वरिष्ठ उपाध्यक्ष माधव राजपालले उद्योग तथा व्यवसाय क्षेत्रले भोग्दै आएका विभिन्न समस्या प्रस्तुत गर्दै वैध रूपमा सञ्चालन भइरहेका उद्योग व्यवसायलाई सहज वातावरण उपलब्ध गराउन प्रशासनसँग सहकार्य आवश्यक रहेको धारणा राखे । उनले औद्योगिक क्षेत्रको सुरक्षा मजबुत भएमा लगानीको वातावरण थप विश्वासिलो बन्ने बताए।

# अमरेश सिंहले जनकपुरधामबाट ...

देशका विभिन्न समुदाय र क्षेत्रलाई जोड्ने उद्देश्यले पदयात्रा गर्न लागेको बताए । समाजलाई जोड्ने काम राजनीतिले गर्नुपर्ने बताउँदै सिंहले आफ्नो पदयात्राको मुख्य सन्देश 'समाज जोड्नुपर्छ' रहेको स्पष्ट पारे।

देशको समृद्धि र राष्ट्रिय एकताका लागि नयाँ बाटो आवश्यक रहेको उल्लेख गर्दै उनले पदयात्राका क्रममा जनताका समस्या र अपेक्षा प्रत्यक्ष रूपमा सुन्ने बताए । उनका अनुसार पदयात्राका क्रममा दैनिक करिब पाँच घण्टा पैदल यात्रा गर्ने र सात घण्टा स्थानीयसँग संवाद गर्ने योजना छ ।सिंहले जनकपुरधामबाट गाग्रोमा माटो र पानी लिएर यात्रा सुरु गर्ने तथा माघेसंक्रान्तिका दिन महाकाली नदीमा जौ र तिल विसर्जन गरेर पदयात्रा सम्पन्न गर्ने योजना रहेको जानकारी दिए । मधेशका शिक्षा, स्वास्थ्य, सडक, सिँचाइ, सुरक्षा र सरसफाइजस्ता विषयमा सुधार आवश्यक रहेको उल्लेख गर्दै उनले पदयात्राका क्रममा यी विषयमा जनताको धारणा बुझ्ने बताए।

सिंहले मधेशी जनताको सहयोग र समर्थनबाट बनेको वर्तमान सरकारले मधेशलाई अपेक्षाअनुसार प्राथमिकता नदिएको आरोप पनि लगाए । सरकार सञ्चालनका क्रममा देखिएका कमजोरीबारे आफूले आवाज उठाउँदै आएको बताउँदै उनले ती कमजोरी सुधार गरी सरकारलाई प्रभावकारी बनाउन आफ्नो भूमिका रहने बताए।

# संघ सरकारले प्रदेश र स्थानीय...

संविधानविपरीत ८७ प्रतिशतभन्दा बढी बजेट आफ्नो मातहत राखेर प्रदेश तथा स्थानीय तहलाई अन्याय गरिरहेको उनले बताए । कार्यक्रममा बजेटको प्रभावकारी विनियोजन तथा कार्यान्वयन, सार्वजनिक स्रोतको सदुपयोग, वित्तीय अनुशासन र सुशासन सुदृढीकरणका विषयमा छलफल गरिएको रतौली युवा क्लबका कार्यकारी निर्देशक वैद्यनाथ चौधरीले बताए।

नेपालमा विनाशकारी बाढी आएपछि आर्थिक चुनौती थपिएको भन्दै उनले बजेट निर्माणकै चरणदेखि त्यसतर्फ ध्यान दिनुपर्नेमा जोड दिए । बजेट तथा सार्वजनिक वित्त व्यवस्थापनलाई सामाजिक न्यायसँग जोड्दै त्यसबाट नागरिकले प्राप्त गर्ने परिणामलाई प्रभावकारी बनाउनुपर्ने उनको भनाइ थियो । संवादमा प्रदेशको वित्तीय व्यवस्थापनमा देखिएका चुनौती, बजेट कार्यान्वयनको अवस्था तथा सार्वजनिक खर्चलाई परिणाममुखी बनाउने उपायबारे समेत छलफल भएको थियो।

वित्तीय संवादले प्रदेशको सार्वजनिक वित्तीय व्यवस्थापनलाई थप पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउन आवश्यक विषयमा साझा धारणा निर्माण गर्न सहयोग पुगेको आयोजकले जनाएको छ । कार्यक्रममा मधेश प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष सोहन साहले मधेशमा हालसम्म ल्याइएका बजेट तथा तिनको कार्यान्वयन अवस्थालगायतका विषयमा प्रस्तुति दिएका थिए।

# भन्सारको छापा...

मारेको छ।

जनकपुर भन्सार कार्यालय, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले गोदाममा छापा मार्दा चार ट्रक अवैध सामग्री बरामद गरेको हो।

प्रारम्भिक अनुसन्धानबाट बरामद सामग्री भारतबाट तस्करी गरी नेपाल भित्र्याइएको खुलेको छ। उक्त सामग्री शंकर साह नामका व्यापारीको रहेको बुझिएको छ।

बरामद सामग्रीमा बैशाखा फर्सीको बीउ, किराना सामग्री तथा पटाकालगायत रहेका छन्।

गोदाममा २ सयभन्दा बढी बोरा सामग्री रहेको प्रारम्भिक रूपमा देखिएको छ।

बरामद सामग्रीको विवरण संकलन गर्ने काम भइरहेको जनकपुर भन्सार कार्यालय धनुषाका प्रमुख भन्सार अधिकृत मानबहादुर पौडेलले नेपाल प्रेसलाई जानकारी दिए।


## कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशित मिति: २०८३/०६/०५ गते**

यस बैंकको तपशिलको ऋणी संस्थाले **राजविराज** शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्रीबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा यस बैंकको कर्जा असुली कार्यविधि एवं प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समेत समावेश गरिने व्यहोरा सम्बन्धित सबैलाई सुचित गराईन्छ ।

**ऋणी संस्थाको नाम : माँ विषहारा बचत तथा ऋण सहकारी संस्था लि.**
**रजिष्टर्ड ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी । हालको ठेगाना : विष्णपुर-४, दर्ता नं: ४२०/०७३/०७४**

संचालक तथा जमानीकर्ताको विवरण

| | | |
|---|---|---|
| **१) नाम : ब्रहम नारायण यादव (अध्यक्ष जमानीकर्ता)**<br>बाबु : बेचन यादव<br>बाजे : मुनर यादव<br>ना प्र नं. : ४४२८<br>ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी | **४) नाम : श्रीमति मीना देवी (कोषाध्यक्ष जमानीकर्ता)**<br>ससुरा : तेज नारायण कर्ण<br>पति : ईन्द्रेश्वर लाल कर्ण<br>ना.प्र.नं : १५९३<br>ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी | **७) नाम : श्रीमति प्रयागबती (संचालक जमानीकर्ता)**<br>ससुरा : पलट राम<br>पति : धर्म मोची<br>ना.प्र.नं : १५७३<br>ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी |
| **२) नाम : रानी देवी कर्ण (उपाध्यक्ष जमानीकर्ता)**<br>ससुरा : बिन्देश्वरी लाल कर्ण<br>पति : अजय कुमार कर्ण<br>ना.प्र.नं : १६१०३१/१७८<br>ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी | **५) नाम : पिंकी देवी यादव (संचालक जमानीकर्ता)**<br>ससुरा : बच्चा यादव<br>पति : परमेश्वर यादव<br>ना.प्र.नं : १६३०५२/३६८<br>ठेगाना : ईटहरी बिष्णपुर-९, सप्तरी | |
| **३) नाम : ललन कुमार यादव (सचिव जमानीकर्ता)**<br>बाबु : हरि नारायण यादव<br>बाजे : हरे कृष्ण यादव<br>ना.प्र.नं : ७०८५<br>ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी | **६) नाम : देवरानी देवी राम (संचालक जमानीकर्ता)**<br>ससुरा : बिलट राम<br>पति : राम लखन राम<br>ना.प्र.नं : १६-०१-७३-०२५६२<br>ठेगाना : सिम्राहा सिंग्यौन-५, सप्तरी | |

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**

१. हरण यादवको नाति मुनर यादवको छोरा सप्तरी जिल्ला सिम्राहा सिंग्यौन गा.वि.स. वडा नं. ५ बस्ने **श्री बेचन यादव** को नाममा भूमि प्रशासन कार्यालय राजबिराज सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला सिम्राहा सिंग्यौन गा.वि.स.वडानं.५ को कित्ता नं. ४२९, ४४१, ४६२, ४७३, ४७७, ५०६, ५०९, ५१७, ५९१, ६७९, ७४, २९७, ३०८, ३१७, ३२०, ३४७, ९५०, ५३३, ५७५, ३६४, ४८५, ४१५ को क्षेत्रफल क्रमश ०-१-१२-०, ०-१-८-०, ०-३-१६-०, ०-४-०-०, ०-१-२-०, ०-१-१५-०, ०-३-१-०, ०-२-७-०, ०-२-९-०, ०-५-६-०, ०-०-१८-०, ०-१-५-०, ०-२-२-०, ०-०-१०-०, ०-०-१६-०, ०-०-१५-०, ०-०-१५-०, ०-५-१५-०, ०-९-४-०, ०-१-५-०, ०-५-१४-०, ०-१४-७-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

२. वेचन मेहता को नाति उचित मेहताको छोरा सप्तरी जिल्ला राजविराज न.पा वडा नं. ६ बस्ने **सत्य नारायण मेहता** को नाममा भूमि प्रशासन कार्यालय राजविराज मा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा वडा नं. ६ को कित्ता नं.११५९ को क्षेत्रफल ०-०-८.५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

३. मंगल साहको बुहारी शम्भु साह को श्रीमती सप्तरी जिल्ला इटहरी विष्णपुर गा.वि.स. वडा नं. २ बस्ने **अगरमैन देवी साह** को नाममा भूमि प्रशासन कार्यालय राजविराज, सप्तरी मा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला इटहरी विष्णपुर गा.वि.स. वडा नं. २ को कित्ता नं. ६९३ को क्षेत्रफल क्रमश ०-१-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

४. राम चरण साह को नाति मुरली साह तेली को छोरा सप्तरी जिल्ला महदेवा गा.वि.स. वडा नं. ८ बस्ने **तेज नारायण साह** को नाममा भूमि प्रशासन कार्यालय राजविराज, सप्तरी मा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला महदेवा गा.वि.स. वडा नं. ८क को कित्ता नं. ८१० को क्षेत्रफल ०-४-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web : www.ncbl.coop

# ५० मिटर सडक विस्तारविरुद्ध वीरगंजका घरधनी आक्रोशित,
# मापदण्ड घटाएर ३० मिटर कायम गर्न माग



**मधेशदृष्टि**
**वीरगंज।**
त्रिभुवन राजपथअन्तर्गत वीरगन्जको मुख्य सडक विस्तारका क्रममा सयौँ परिवार विस्थापित हुने अवस्था सिर्जना भएको भन्दै घरजग्गाधनी तथा व्यवसायीहरूले सरकारको ध्यानाकर्षण गराएका छन् । उनीहरूले घना बजार क्षेत्रमा सडकको चौडाइ ५० मिटर कायम गर्ने निर्णयमाथि पुनर्विचार गर्दै दायाँ–बायाँ १५–१५ मिटर गरी कुल ३० मिटर मात्रै सडक मापदण्ड निर्धारण गर्न माग गरेका छन्।
वीरगंजको गण्डकदेखि मितेरी पुलसम्मको करिब ८ किलोमिटर मुख्य सडकलाई सडकको मध्यभागबाट दुवैतर्फ २५–२५ मिटर विस्तार गर्ने योजना सडक विभागले अघि बढाइरहेको छ । सडक सीमा क्षेत्रमा पर्ने घर, टहरा तथा व्यावसायिक संरचना हटाउने कार्य जारी रहेकै बेला प्रभावित घरधनी र व्यापारीहरूले विस्तार योजनाको विरोध गर्दै मापदण्ड पुनरावलोकनको माग अघि सारेका हुन्।
वीरगंज उद्योग वाणिज्य संघको सभाकक्षमा आयोजित कार्यक्रममा मुख्य सडक क्षेत्रका घरजग्गाधनी तथा व्यवसायीहरूले ५० मिटर सडक क्षेत्राधिकार घना बजारका लागि अव्यावहारिक रहेको दाबी गरे । उनीहरूले सडक विस्तारका नाममा पुस्तौँदेखि बसोबास गर्दै आएका नागरिकको घरजग्गा र व्यवसायमाथि संकट उत्पन्न भएको भन्दै सरकारलाई निर्णय सच्याउन आग्रह गरे।
सडक विभागले सडक विस्तारका क्रममा डोजर प्रयोग गरी संरचना हटाउन थालेपछि वीरगंज बजारका सयौँ परिवार विस्थापित हुने अवस्थामा पुगेको उनीहरूको भनाइ छ । घरधनीहरूका अनुसार हालसम्म १ हजार २ सयभन्दा बढी घर तथा भवनमा क्षति पुगेको छ भने सडक विस्तारको प्रत्यक्ष असरले वीरगंजको व्यापार–व्यवसायसमेत धराशायी बन्दै गएको छ।
कार्यक्रममा घरधनी सुमन क्याललले वीरगंजको ऐतिहासिक बजार, बस्तीको स्वरूप र विद्यमान यातायात संरचनालाई बेवास्ता गरेर सडकको मापदण्ड निर्धारण गर्न नहुने बताए । त्रिभुवन राजपथको एलाइनमेन्ट परिवर्तन भइसकेको अवस्थामा घना बजारभित्र पुरानै राजमार्गको मापदण्ड लागू गर्नुको औचित्यमाथि पुनर्विचार आवश्यक रहेको उनको भनाइ थियो।
क्याललले वीरगंजका तत्कालीन मेयर विजयकुमार सरावगीको कार्यकालमा महानगरपालिकाले बजार क्षेत्रको वास्तविक अवस्था अध्ययन गरी सडकको चौडाइ दायाँ–बायाँ १५–१५ मिटर कायम गर्न सरकारलाई सिफारिस गरेको दाबीसमेत गरे।

डोजर चलाउँदा कानुनी प्रक्रिया र क्षतिपूर्ति सुनिश्चित गर्नुपर्ने माग
प्रभावित घरजग्गाधनीहरूले सडक विस्तारको दायरामा परेका धेरैजसो घरजग्गा व्यक्तिको नाममा लालपुर्जा रहेको र उनीहरूले वर्षौंदेखि नियमित रूपमा कर तथा अन्य सरकारी शुल्क तिर्दै आएको बताएका छन् । राज्यलाई कर बुझाउँदै आएका नागरिकको सम्पत्तिमाथि डोजर चलाउनुअघि स्पष्ट कानुनी प्रक्रिया, उचित क्षतिपूर्ति र पुनस्र्थापनाको व्यवस्था सुनिश्चित गर्नुपर्ने उनीहरूको माग छ।
उनीहरूले विकास निर्माणको नाममा वीरगन्जको पुरानो बस्ती, ऐतिहासिक बजार र व्यापारिक क्षेत्रलाई ठूलो मात्रामा विस्थापित गर्ने अवस्था सिर्जना नगर्न सरकारलाई चेतावनीपूर्ण आग्रह गरेका छन् । नागरिकको सम्पत्तिको अधिकार, स्थानीय सरकारको सिफारिस तथा सडक विस्तारबाट उत्पन्न हुने सामाजिक र आर्थिक प्रभावलाई ध्यानमा राखेर मात्रै योजना अघि बढाउनुपर्ने घरधनी तथा व्यवसायीहरूको जोड छ।

## आर्थिक हिसाब माग्दा विवाद !
## आदर्श विद्युत उपभोक्ता समितिको साधारणसभा स्थगित



**मधेशदृष्टि**
**वीरगंज।**
विगत ७–८ वर्षदेखि नियमित साधारणसभा हुन नसकेको पर्साको जिराभवानी गाउँपालिकास्थित आदर्श विद्युत उपभोक्ता समिति, सेढवाको साधारणसभा आर्थिक कारोबारको पारदर्शिता र नयाँ कार्यसमिति गठनको विषयमा विवाद भएपछि स्थगित भएको छ।
जिराभवानी मन्दिरको प्राङ्गणमा आइतबार आयोजित सभा सहभागी उपभोक्ता तथा युवाहरूले विगतको आर्थिक हिसाबकिताब र कार्यसमिति गठनको प्रक्रियामाथि प्रश्न उठाएपछि एक साताका लागि स्थगित गरिएको हो।
समितिका अध्यक्ष सत्यनारायण साहले विगतका वर्षहरूको लेखापरीक्षणअनुसारको
आय–व्यय विवरण प्रस्तुत गर्न थालेपछि सहभागी उपभोक्ता तथा युवाहरूले आर्थिक कारोबारसँग सम्बन्धित विभिन्न विषयमा प्रश्न उठाएका थिए । बैंक स्टेटमेन्ट, बिल–भर्पाइ, आय–व्यय विवरणलगायतका आर्थिक कागजात सार्वजनिक गर्नुपर्ने माग उठेपछि समिति पदाधिकारी, उपभोक्ता र युवा समूहबीच भनाभन भएको थियो।
आर्थिक कारोबारमा स्पष्टता माग गर्दै सहभागीहरूले आवश्यक कागजात उपलब्ध गराउन दबाब दिएपछि सभाको वातावरण थप तनावपूर्ण बनेको थियो । लामो समयसम्म विवाद र छलफल चलेपछि तत्काल नयाँ कार्यसमिति गठनको प्रक्रिया अघि बढाउन नसकिएपछि सभा स्थगित गर्ने निर्णय गरिएको बताइएको छ।

**सात वर्षदेखि साधारणसभा छैन, आर्थिक पारदर्शितामाथि प्रश्न**
समितिको विधानअनुसार प्रत्येक तीन वर्षमा साधारणसभा गरी कार्यसमितिको पुनर्गठन गर्नुपर्ने व्यवस्था रहेको बताइएको छ । तर विगत ७–८ वर्षदेखि नियमित रूपमा साधारणसभा हुन नसकेको विषयसमेत आइतबारको सभामा उठेको थियो।
लामो समयसम्म साधारणसभा नहुँदा समितिको सञ्चालन, आर्थिक कारोबार, उपभोक्ताको सहभागिता र कार्यसमितिको वैधानिकतामाथि प्रश्न उठ्न थालेको सहभागी उपभोक्ताहरूको भनाइ छ।
उपभोक्ताहरूले विगतका आर्थिक कारोबारको सम्पूर्ण विवरण सार्वजनिक गर्न, नियमित रूपमा साधारणसभा आयोजना गर्न तथा विधानअनुसार कार्यसमिति गठन गर्न माग गरेका छन् । उनीहरूले उपभोक्ताको सहभागिता र सहमतिबिना समिति सञ्चालन गर्न नहुनेमा जोड दिएका छन्।

**अध्यक्षको उम्मेदवारीमै प्रश्न, निर्वाचन प्रक्रिया रोकियो**
साधारणसभामा नयाँ कार्यसमिति गठनको विषयमा समेत विवाद उत्पन्न भएको थियो । अध्यक्ष पदका लागि प्रस्ताव गरिएको नाम विधानमा उल्लेखित योग्यता तथा मापदण्डअनुसार योग्य नभएको भन्दै सहभागीहरूले आपत्ति जनाएका थिए।
समितिका अध्यक्ष सत्यनारायण साहका अनुसार विधानमा कुल उपभोक्तामध्ये ५१ प्रतिशतको उपस्थिति भएपछि मात्रै नयाँ कार्यसमिति गठन गर्न सकिने व्यवस्था छ । सोही प्रावधानअनुसार उपभोक्ताको उपस्थिति र प्रतिनिधित्व सुनिश्चित गरेर मात्रै नयाँ समिति गठन गर्नुपर्ने उनको भनाइ छ । अध्यक्ष पदका लागि नाम प्रस्ताव तथा सिफारिस गरिए पनि उम्मेदवारले विधानमा तोकिएको मापदण्ड पूरा गरे–नगरेको विषयमा विवाद भएपछि निर्वाचन प्रक्रिया अघि बढ्न सकेन।

**आगामी शनिबार निर्वाचनमार्फत नयाँ समिति गठन गर्ने सहमति**
साधारणसभाबाट नयाँ कार्यसमिति चयन हुन नसकेपछि आगामी शनिबार पुनः बैठक आयोजना गरी निर्वाचन प्रक्रिया अघि बढाउने सहमति भएको बताइएको छ । आवश्यक प्रक्रिया पूरा गरेर निर्वाचनमार्फत नयाँ कार्यसमिति गठन गर्ने तयारी गरिएको छ।
आगामी बैठकमा उपभोक्ताको उपस्थिति, विधानमा तोकिएका मापदण्ड तथा कार्यसमिति गठनसम्बन्धी प्रावधानलाई आधार बनाएर निर्वाचन अघि बढाइनेछ । त्यसअघि विगतको आर्थिक कारोबारसँग सम्बन्धित कागजात र आय–व्यय विवरणबारे स्पष्टता ल्याउनुपर्ने माग उपभोक्ताहरूले राखेका छन्।
स्थानीय उपभोक्तालाई विद्युत सेवा उपलब्ध गराउँदै आएको समितिमा लामो समयदेखि रोकिएको साधारणसभा र कार्यसमिति पुनर्गठनको विषय अहिले विवादको केन्द्र बनेको छ । आगामी शनिबार हुने भनिएको निर्वाचनले नयाँ नेतृत्व चयनको बाटो खोल्ने अपेक्षा गरिए पनि आर्थिक पारदर्शिता र विधान कार्यान्वयनसम्बन्धी प्रश्नको समाधान कसरी हुन्छ भन्ने विषय महत्वपूर्ण बनेको छ।

## पत्रकारिताको आडमा 'सिन्डिकेट'को खेल !
# व्यापारिक वर्चस्वको लडाइँ कुटपिटसम्म




**मधेशदृष्टि**
**वीरगंज।**
अन्तर्राष्ट्रिय व्यापारको संवेदनशील केन्द्र वीरगंजस्थित एकीकृत जाँच चौकी (आईसीपी) मा व्यापारिक वर्चस्व कायम गर्ने होड पत्रकारिताको आवरण हुँदै कुटपिटसम्म पुगेपछि भन्सार सुरक्षा र प्रशासनिक संयन्त्रमाथि गम्भीर प्रश्न उठेको छ । माछा, तरकारी तथा फलफूलको आयातमा आफ्नो प्रभाव जमाउने प्रतिस्पर्धा, कथित 'सेटिङ' र बिचौलियाको दबदबाले आईसीपीको सुरक्षा तथा राजस्व प्रशासनलाई नै शंकाको घेरामा तानेको छ।
भदौ ३० गते राति करिब साढे ९ बजे आईसीपी परिसरबाट बाहिरिँदै गरेको एउटा ट्रक रोक्ने विषयमा भएको विवादले यसभित्रको कथित व्यापारिक वर्चस्वको संघर्षलाई सतहमा ल्याएको हो । नेपाल पत्रकार महासंघ मधेश प्रदेशका सदस्य अजय साहले ट्रक रोकेर कागजात माग्न खोजेपछि फलफूल तथा तरकारी व्यवसायीसमेत रहेका पत्रकार अखिलेश साहको समूहसँग विवाद चर्किएको थियो । विवादले झडपको रूप लिएपछि आईसीपीभित्रको गतिविधि र सुरक्षा व्यवस्थामाथि प्रश्न उठेको छ।
घटनापछि प्रहरीले अजय साहका दाजु विपिन साह तुरहालाई नियन्त्रणमा लिएर वडा प्रहरी कार्यालय श्रीपुर पु¥याएको थियो । राति ११ बजे पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, मधेश प्रदेश अध्यक्ष श्याम बञ्जारालगायतको पहलमा सहमतिको प्रयास गरिए पनि दुवै पक्ष आ–आफ्नो अडानमा कायम रहेपछि वार्ता निष्कर्षविहीन बनेको थियो।
सार्वजनिक भएको भिडियोमा अजय साहले आफू 'मिडियाकर्मी' भएको दाबी गर्दै ट्रक रोक्ने र कागजात जाँच गर्न खोजेको देखिन्छ । भन्सार जाँच, कागजात परीक्षण तथा सवारी नियन्त्रणको अधिकार कानुनबमोजिम अख्तियारप्राप्त निकायमा निहित रहने अवस्थामा पत्रकार वा अन्य गैरअधिकारी व्यक्तिले कुन हैसियतमा यस्तो हस्तक्षेप गर्न खोजे भन्ने प्रश्न उठेको छ । यस घटनाले आईसीपीको प्रशासनिक अनुशासन र सुरक्षा प्रबन्धमाथि थप छानबिनको आवश्यकता औँल्याएको छ।

कुटपिट प्रकरणमा सात जनाविरुद्ध जाहेरी, एक पक्राउ
आईसीपीमा भएको विवाद र हातपातलाई लिएर विपिन साह तुरहा, अजय साह तुरहा, सञ्जय साह तुरहा, प्रकाश साह तुरहा, मुस्तुफा समानी, दिपु साह तुरहा र दिपु पटेलविरुद्ध वडा प्रहरी कार्यालय श्रीपुरमा किटानी जाहेरी दर्ता भएको छ।
मनिष कुमार गुप्ता, नवीन कुमार तिवारी, विशाल साह, मिथलेश कुमार गुप्ता, अरुण कुमार यादव, अब्दुल हसन मियाँ र रमेश लामाले आफूहरूमाथि अभद्र व्यवहार तथा सांघातिक आक्रमण भएको आरोप लगाउँदै मुलुकी अपराध संहिता, २०७४ को दफा ११८ बमोजिम कारबाहीको माग गरेका छन्।
कुटपिटमा टाउकोमा चोट लागेका अरुण कुमार यादव र आँखामा चोट पुगेका मिथलेश कुमार गुप्ताको नारायणी अस्पताल वीरगंजमा उपचार गरिएको थियो । प्रहरीले राष्ट्रिय स्वतन्त्र पार्टी वीरगंज–२५ का वडा अध्यक्षसमेत रहेका प्रकाश साह तुरहालाई पक्राउ गरी मुद्दा चलाएको छ । अन्य आरोपितहरू फरार रहेको बताइएको छ।

माछा, तरकारी र फलफूल आयातमा वर्चस्वको होड
आईसीपीमा भएको विवादको पृष्ठभूमिमा माछा, तरकारी तथा फलफूल आयातको व्यापारमा वर्चस्व कायम गर्ने प्रतिस्पर्धा रहेको स्रोतहरूको दाबी छ । यस क्षेत्रमा व्यापारिक प्रभाव विस्तार गर्ने क्रममा कथित 'सिन्डिकेट' र 'सेटिङ'को आरोपसमेत उठेको छ।
स्रोतका अनुसार आईसीपी हुँदै दैनिक ५० देखि ७० वटासम्म यस्ता सामग्री बोकेका ट्रक भित्रिने गरेका छन् । तीमध्ये सीमित सवारीसाधनले मात्रै वैधानिक रूपमा भन्सार महसुल बुझाउने र बाँकी सवारीसाधन भन्सार कर्मचारी तथा खटिएका सशस्त्र प्रहरीको मिलेमतोमा गैरकानुनी रूपमा पास हुने गरेको आरोप लगाइएको छ।
स्थानीय सिर्सिया क्षेत्रका बासिन्दा अजय र विपिनले आफ्नो पहुँचको दुरुपयोग गर्दै अन्य व्यवसायीलाई माछा व्यापारमा प्रवेश गर्न नदिएको आरोप अखिलेश पक्षले लगाएको छ । अर्कोतर्फ, अखिलेशका भाइ मनिष कुमार गुप्ता (उदय) माथि प्लान्ट क्वारेन्टाइनका कर्मचारीलाई प्रभावमा पारी कथित 'सेटिङ'मार्फत गैरकानुनी लाभ उठाएको र करोडौँको सम्पत्ति जोडेको प्रत्यारोप लगाइएको छ । यी आरोपबारे सम्बन्धित पक्षको आधिकारिक धारणा सार्वजनिक हुन बाँकी छ।

### पत्रकारिताको आवरणमा व्यापारिक स्वार्थ कि राजस्व चुहावटको खेल ?

आईसीपीजस्तो संवेदनशील अन्तर्राष्ट्रिय व्यापारिक नाकामा पत्रकारिताको परिचयलाई व्यापारिक स्वार्थ पूरा गर्ने माध्यम बनाउने प्रवृत्ति र गैरअधिकारी व्यक्तिले सवारीसाधन रोक्ने तथा कागजात जाँच गर्न खोज्ने घटनाले राज्यका निकायको भूमिकामाथि गम्भीर प्रश्न खडा गरेको छ।
यससँगै आईसीपीभित्र कथित रूपमा मौलाएको व्यापारिक एकाधिकार, बिचौलियाको दबदबा र करोडौँ रुपैयाँको सम्भावित राजस्व चुहावटबारे उठेका आरोपको निष्पक्ष छानबिन आवश्यक देखिएको छ । भन्सार प्रशासन, सुरक्षा निकाय तथा सम्बन्धित सरकारी संयन्त्रले व्यापारिक गतिविधिमा हुने अनधिकृत हस्तक्षेप, सम्भावित 'सेटिङ' र राजस्व चुहावटका आरोपबारे स्पष्ट जवाफ दिनुपर्ने अवस्था सिर्जना भएको छ । आईसीपीको सुरक्षा र राजस्व प्रणालीमाथि उठेका प्रश्नको समाधान कुटपिट र आपसी आरोप–प्रत्यारोपबाट होइन, निष्पक्ष अनुसन्धान, पारदर्शी भन्सार प्रक्रिया र कानुनी जवाफदेहिताबाट मात्रै सम्भव हुनेछ।

## अमरेश सिंहले जनकपुरधामबाट मेची–महाकाली पदयात्रा गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद अमरेश सिंहले जनकपुरधामबाट
मेची–महाकाली पदयात्रा सुरु गर्ने घोषणा गरेका छन् । छठ पर्वको पारनपछि जनकपुरधामस्थित गंगासागरमा अर्घ्य दिएर पदयात्रा सुरु गर्ने सिंहले जानकारी दिएका छन्।
आइतबार जनकपुरधाममा सञ्चारकर्मीसँगको भेटमा उनले मधेशलाई नजिकबाट बुझ्न तथा

बाँकी पृष्ठ ३ मा

## संघ सरकारले प्रदेश र स्थानीय तहलाई आफ्नै निकायजस्तो व्यवहार गरिरहेको छः सभामुख यादव



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले संघ सरकारले प्रदेश तथा स्थानीय सरकारलाई आफ्नै निकायजस्तो व्यवहार गर्ने गरेको आरोप लगाएका छन् । 'बजेट विनियोजनदेखि सामाजिक न्यायका परिणामसम्मः सार्वजनिक वित्तीय व्यवस्थापन र वित्तीय सुशासन सुदृढीकरण' विषयक मधेश प्रदेश वित्तीय संवाद कार्यक्रममा बोल्दै सभामुख यादवले संघ सरकारले संघीयताको मर्मविपरीत प्रदेश र स्थानीय तहलाई व्यवहार गरिरहेको बताए।
संसारभर संघीय शासन व्यवस्थामा स्वशासन तथा साझा शासनको अभ्यास हुँदै आए पनि नेपालमा यी दुवैको अभ्यास प्रभावकारी रूपमा हुन नसकेको उनको भनाइ थियो । नेपालमा हुकुमी शैलीमा संघीयता सञ्चालन भइरहेको बताउँदै उनले यस्तो अभ्यास संविधानको मर्मविपरीत रहेको बताए । पछिल्लो समय संघीयतामाथि नै धावा बोल्ने गरी कुप्रचार भइरहेको भन्दै सभामुख यादवले चिन्ता व्यक्त गरे । संघीयता बोझिलो भएको भन्दै भइरहेको प्रचार गलत रहेको उनको दाबी थियो । नेपालमा संघ सरकारले

बाँकी पृष्ठ ३ मा

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८९, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन